श्री

# उच्च अदालत पाटन

हरिहरभवन, ललितपुर
(प्रशासन शाखा)

फोन :- ०१-५४२७८१६, ०१-५४२७८१७, ०१-५४२७८९१, ०१-५४२७८९२, ०१-५०१००४८

प.सं.: २०८१/८२ (प्रशासन)
च.नं.:-

मितिः २०८२/०३/१६
ने.सं. ११४५ दिल्लाथ्व पञ्चमी सोमबार

## मेलमिलापकर्ता र मध्यस्थको सूची अध्यावधिक र नयाँ सूचीकृत गर्नेसम्बन्धी सूचना ।

मेलमिलापसम्बन्धी नियमावली, २०७० को नियम ९, उच्च अदालत नियमावली, २०७३ को नियम ९०(१) तथा मध्यस्थता (अदालती कार्यविधि) नियमावली, २०५९ को नियम ६(१) को व्यवस्थाबमोजिम आ.व. २०८१/८२ मा सूचीकृत भएका मेलमिलापकर्ता र मध्यस्थहरूको नामवली अध्यावधिक गर्ने र आ.व. २०८२/८३ को लागि नयाँ नामावली सूचिकृत गर्ने प्रयोजनका लागि इच्छुक मेलमिलापकर्ता र मध्यस्थहरुले मिति २०८२।०४।१३ गते कार्यालय सम्मभित्र देहायबमोजिमका कागजातहरु संलग्न गरी यस अदालतको मेलमिलाप शाखामा निवेदन दिनुहुन निर्णयानुसार अनुरोध छ ।

देहायः

१. मेलमिलापकर्ता र मध्यस्थहरूको नामावली अध्यावधिकको हकमा आ.व. २०८१/८२ मा सूचीकृत भएको दर्ता नं. उल्लेख गरी नामावली अद्यावधिक गरिपाउँ भन्ने निवेदन ।
२. मेलमिलापकर्ताको नयाँ नामावली सूचीकृतका हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, मेलमिलापको तालिमको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको हकमा संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि ।
३. मेलमिलापकर्ताहरूको अध्यावधिक र सूचीकृत दुवैको हकमा २ प्रति पासपोर्ट साइजको फोटो, र
४. मध्यस्थहरूको नयाँ नामावली सूचीकृतको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, र विशेषज्ञताको क्षेत्र खुल्ने समेतका कागजातहरु ।

०८२/३/१६

पार्वती हितान
शाखा अधिकृत

Email: admin.hcpatan@supremecourt.gov.np, info.hcpatan@supremecourt.gov.np
website: supremecourt.gov.np/court/patanhc